# प्रेस विज्ञप्ती- ११३
# Press Release-113

लागू औषध नियन्त्रण ब्यूरो
Narcotics Control Bureau
कोटेश्वर,काठमाडौं

## अवैध लागूऔषध कोकिन तथा चरेश सहित विदेशी नागरिक पकाउ

### (१) अवैध लागूऔषध कोकिन

| | |
|---|---|
| नाम: | **Raymond Zungu Oppel** |
| राष्ट्र: | **NAMIBIA** |
| राहदानी नं.: | **0061219** |
| उमेर: | ४० वर्ष |

**घटना विवरण** :

- मिति २०७०।११।०६ गते साँझ १८:०५ बजेको **Fly Dubai Airline** को **FZ575** को उडानद्धारा **Dubai** हुँदै नेपाल आईपुगेका **0061219 नं.को राहदानी बाहक NAMIBIAN नागरीक Raymond Zungu Oppel लाई विशेष सूचनाको आधारमा** लागू औषध नियन्त्रण व्यूरोबाट खटिएका प्रहरीले १९:१५ बजेको समयमा का.जि.का.म.न.पा.- ९ त्रिभुवन अन्तराष्ट्रिय बिमानस्थल गौचरण काठमाण्डौको गोल्डन गेट अगाडीबाट **Hand Baggage मा लुकाई राखेको अवस्थामा अवैध लागूऔषध कोकिन ४५ वटा प्लाष्टिक कोटेड क्याप्सुल (७६५ ग्राम)** सहित पक्राउ गरेको र प्रारम्भीक अनुसन्धान पश्चात निजले पेटभित्र समेत कोकिनको प्लाष्टिक कोटेड क्याप्स ल्याउन सक्ने शंकाको निरुउणका लागि मिति २०७०।११।६ गते राती नेपाल प्रहरी अस्पताल महाराजगंजमा भर्ना गरी उपचार विधिबाट मिति २०७०।११।८ गते विहानसम्ममा पटक पटक गरी १० पटकमा निजबाट थप **११२ वटा प्लाष्टिक कोटेड कोकिन क्याप्सुल (१९०४ ग्राम) गरी** कुल **अवैध लागूऔषध कोकिन २ किलो ६६९ ग्राम (१५७ क्याप्सुल )** निजबाट बरामद गरीएको ।

- **बरामद भएको कोकीनको परिमाण नेपालमा हालसम्म बरामद भएको सवैभन्दा ठूलो परिमाण** हो । यसको **अन्तराष्ट्रिय अवैध मूल्य अनुमानित रु ५ करोड ३३ लाख ८० हजार** (प्रति के.जी दुईलाख अमेरीकी डलर) हुन आउछ ।
 (यस अघिपनि व्यूरोले मिति २०६८।०९।२० मा **Y 951544** वाहक थाई नागरीक Mrs. Suparerat Mcintosh लाई १ किलो कोकिन सहित एक विदेशी महिलालाई पक्राउ गरेको । निज महिला RA 0415 को उडानद्धारा काठमाण्डौबाट क्वालालम्पुर हुदै थाईल्याण्ड जाने क्रममा पक्राउ परेकी हुन् । निज महिला थाईल्याण्ड, पेरु, अर्जेन्टिना र कतार हुदै मिति २०६८।०९।१८ गते नेपाल आएकी थिईन् ।)

### (२) अवैध लागूऔषध चरेश

- **मिति २०७०।११।०९ गते** २१:३० बजेको समयमा कतार एअरवेजको उडान नं. QR ६५१ द्वारा काठमाण्डौवाट कतारको दोहा हुँदै बेल्जियमको ब्रसेल्स जान लागेका **पासपोर्ट न. 09HP 52122 बाहक** French **नागरिक Mr. Aousin Glenn Christophe** लाई निजले साथमा लैजान लागेको नेपाली कागजबाट बनेको ५ वटा डायरीमा फल्स बटम बनाई टेपले ऱ्यापिङ्ग गरी लाम्चो पाता आकारको १० वटा पाता बनाई लुकाई राखेको अवस्थामा **२ किलो २२० ग्राम अवैध लागू औषध चरेस**सहित पक्राउ गरेको ।

### (३) नियन्त्रित लागू औषध तथा मनोद्धिपक औषधी तथा Ketamine Injection (Kmine)

- **मिति २०७०।११।०८ गतेका दिन १७:३० बजे**को समयमा का.जि.का.म.न.पा.-३० महावौद्ध स्थितमा रहेको पवित्र प्रोगेस फार्मेसीका संचालक बर्ष २६को धिरेन्द्र नेपालीले डाक्टरको प्रेस्क्रीप्सन विना अवैध रुपमा नियन्त्रित लागू औषध तथा मनोद्धिपक औषधी **Codeine Phosphate Tablets B.P(Codep) 11 फाईल प्रतिफाईल ११ वटाको दरले जम्मा ११२ पिस र Ketamine Injection (Kmine) 11 शिशी** सहित पक्राउ गरिएको छ ।

फोन नं. ४६०१०४८ /फ्याक्स नं. ४६०१९७८ ईमेल : ncbnepal@gmail.com www.facebook.com/ncbnepal



ला.औ.नि.ब्यूरोमा प्र.ना.म.नि.प्रताप सिंह थापा द्वारा पत्रकार सम्मेलन गर्दै ।



ब्यूरोद्वारा बरामद गरिएका चरेसका पाताहरु ।



पेट भित्रबाट निकालीएका Plastic coted cocaine का क्याप्सुलहरु ।